सरकारी वकील र प्रहरी बिचको अन्तरक्रिया

अन्तरक्रियात्मक कार्यक्रम,२०८२

जिल्ला सकारी वकील कार्यालयको सभाहल,झापा
२०८२/०८/१९

<u>आयोजक</u>

**जिल्ला सरकारी वकील कार्यालय**
**भद्रपुर, झापा**

# विषयसूचि


| क.सं. | शिर्षक | पेज नं |
|---|---|---|
| १. | कार्यक्रम भएको मिति समय र स्थान | ३ |
| २. | कार्यक्रमको परिचय र उद्देश्य | ३ |
| ३. | कार्यक्रममा प्रस्तुत भएका बिषयहरुको सारसंक्षेप | ३ |
| ४. | छलफलमा व्यक्त भएका बिचारहरु/धारणाहरु | ४ |
| ५. | छलफलमा उठेका बिषयहरु र गरिएको सम्बोधन | ४ |
| ६. | कार्यक्रम संचालनमा राखिएको अपेक्षा र हाँसिल भएको उपलब्धी | ५ |
| ७. | आइपरेका समस्याहरु/चुनौतीहरु | ६ |
| ८. | आगामी कार्यक्रमका लागी सुझाव | ६ |
| ९. | अनुसुची | ७,८ |
| | कार्यक्रम तालिका | अनुसूचि -१ |
| | सहभागीको फोटोहरू | अनुसूचि -२ |

## १. कार्यक्रम भएको मिति समय र स्थान

जिल्ला सरकारी वकील कार्यालयको आयोजनामा मिति २०८२/०८/१९ गते दिउसो १:१० बजेदेखी ३ बजेसम्म जिल्ला सरकारी वकील कार्यालयको सभाहलमा कार्यक्रम संचालन भएको

## २. कार्यक्रमको परिचय र उद्देश्य

अपराध अनुसन्धानको प्रभावकारी, न्यायिक र निष्पक्ष प्रक्रियाका लागि प्रहरीद्वारा गरिने अनुसन्धान र सरकारी वकिलद्वारा गरिने अभियोजनबीच सहकार्य अत्यन्त आवश्यक हुन्छ। यसै सहकार्यलाई मजबुत बनाउने उद्देश्यले सरकारी वकिल र अनुसन्धानकर्ताबीचको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। यो कार्यक्रमले दुवै निकायलाई एकआपसमा आवश्यक कानुनी परामर्श, अनुसन्धानका कमजोरी पहिचान, प्रमाण संकलनका विधि, मुद्दा दर्ता तथा अभियोजन प्रक्रियामा एकरूपता ल्याउन मद्दत गर्दछ।

उदेश्यहरु

- अपराध अनुसन्धानलाई प्रभावकारी बनाई तोकिएको समयमै सम्पन्न गर्नु।
- अनुसन्धानकर्ता र अभियोजनकर्ता बिचको सम्बन्ध सुमधुर बनाई मुद्धामा सफलता हाँसिल गर्नु।
- अनुसन्धानको गुणस्तर वृद्धि गरी अभियोजनलाई तथ्य—प्रमाणमा आधारित बनाउनु।
- न्याय सम्पादनलाई छिटो छरितो बनाउनु।

## ३. कार्यक्रममा प्रस्तुत भएका बिषयहरुको सारसंक्षेप

कार्यक्रममा बिशेषत निम्न बिषयहरु व्यक्त भएका थिए।

- जेन्जी आन्दोलनमा जलेका फायलहरुको व्यवस्थापन।
- अनुसन्धान तथा अभियोजनलाई थप प्रभावकारी बनाउने बिषय।
- अन्तरिम क्षतिपूर्ती सम्बन्धी बिषय।
- आधुनिक, वैज्ञानिक र डिजिटल अनुसन्धान सम्बन्धी बिषय।

## ४. छलफलमा व्यक्त भएका बिचारहरु/धारणाहरु

अनुसन्धानकर्ता र अभियोजनकर्ता बिच छलफलमा व्यक्त भएका बिचारहरु/धारणाहरु निम्न थिए।

- जलेका फाइलहरूको पुनःव्यवस्थापन अत्यावश्यक छ।
- अनुसन्धान र अभियोजनबीचको समन्वय अझै मजबुत बनाउनुपर्ने धारणा व्यक्त भएको।
- अनुसन्धानकर्ताले सरकारी वकील कार्यलयमा समयमै मुद्धाको मिसिल पठाई उचित समन्वय गर्नुपर्ने धारणामा एकमत भएको।
- आधुनिक, वैज्ञानिक र डिजिटल अनुसन्धान अनिवार्य रहेको धारणा ।
- अभिलेखको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने धारणा व्यक्त भएको।
- बकपत्रलाई थप प्रभावकारी बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्ताले समयमै मुद्धका पक्षहरुलाई पत्रचार गर्नुपर्ने धारणामा एकमत भएको।

## ५. छलफलमा उठेका बिषयहरु र गरिएको सम्बोधन

माथिका बुँदाहरुमा छलफल हुँदा प्रमुखरुपमा निम्न बिषयहरुको सम्बोधन गरिएको थियो।

- जेन्जी आन्दोलनमा जलेका फायलहरु माथिल्लो निकायबाट प्राप्त निर्देशन बमोजिम समयमा नै व्यवस्थापन गर्ने निर्णय गरिएको।
- जवरजस्ती करणी, ज्यान सम्बन्धी कसुर जस्ता संवेदनशील मुद्धाहरुमा सम्बन्धीत अनुसन्धान अधिकृत स्वयं सरकारी कार्यालयमा उपस्थीत भई वयान लगायतका कार्यहरु सम्पन्न गर्ने निर्णय गरिएको।
- मुद्धाको गम्भिर्यता र अवस्था विचार गरी जवरजस्ती करणी, ज्यानमार्ने उद्योग, सवारी अंगभंग जस्ता मुद्धाहरुमा अन्तरीम क्षतिपुर्तीका लागी मागदावी लिईने ।

साथै लागू औषधको बिक्री बितरण, कर्तव्य ज्यान र जवरजस्ती करणी मुद्धामा अनुसन्धान अधिकारी र अभियोजनकर्ता भेट गरि आवश्यक अभियोजन खाका निर्माण गरिने गरि कार्यक्रमको सम्बोधन भएको।

## ६.कार्यक्रम संचालनमा राखिएको अपेक्षा र हाँसिल भएको उपलब्धी

### क.अपेक्षाहरू

- अनुसन्धानकर्ता र सरकारी वकिलबीच दिगो समन्वय स्थापित गरेर अनुसन्धान तथा अभियोजन कार्यलाई प्रभावकारी बनाउने।
- प्रमाण संकलन, वयान, बकपत्र तयारी लगायतका प्रक्रियामा एकरूपता र पारदर्शिता ल्याउने।
- जेन्जी आन्दोलनमा जलेका फाइलहरूको छिटो र व्यवस्थित पुनःव्यवस्थापन गर्ने कार्यलाई स्पष्ट दिशानिर्देशन प्रदान गर्ने।
- संवेदनशील तथा गम्भीर प्रकृतिका मुद्दाहरूमा समयमै कानुनी परामर्श प्राप्त गरी अभियोजन सफलताका सम्भावना बढाउने।
- अनुसन्धानमा वैज्ञानिक, प्रविधिमैत्री तथा डिजिटल विधिहरूको उपयोग बढाउने ।

### ख. कार्यक्रमबाट हासिल भएको उपलब्धी

कार्यक्रम सम्पन्न भएपछि तत्काल देखिएका प्रमुख उपलब्धीहरू निम्नानुसार रहेका छन।

- जलेका फाइल व्यवस्थापनमा स्पष्टता
- अनुसन्धान—अभियोजन समन्वय अझ मजबुत
- संवेदनशील मुद्दामा प्रत्यक्ष उपस्थितिको व्यवस्था
- अन्तरीम क्षतिपूर्ती प्रक्रियामा सुधार
- आधुनिक र डिजिटल अनुसन्धान तर्फ केन्द्रित
- दुवै निकायबीच विश्वास र कार्यसम्पादन क्षमतामा वृद्धि

## ७. आइपरेका समस्याहरु/चुनौतीहरु

- सहभागिताहरु समयमै उपस्थीत नहुनुले कार्यक्रम ढिलो शुरु हुनु।
- कार्यालयमा कामको समेत चाप रहने हुँदा कार्यक्रममा समय व्यवस्थापन गर्न कठिन हुनु।
- कार्यलयका कामहरु समेतका कारण अनुसन्धान र अभियोजनबीच पर्याप्त तथा समयमै समन्वयको अभाव रहनु।
- जलेका फाइलहरुको व्यवस्थापन सम्बन्धमा समयमै माथिल्लो निकायबाट निर्देशन प्राप्त नहुनुले कार्यमा अवरोध हुनु।
- अभिलेख व्यवस्थापन आधुनिक तरिकाले सम्पन्न गर्न सबै प्रहरी कार्यालयमा आधुनिक यन्त्र उपकरणको अभावले समयमै अनुसन्धान र प्रतिवेदन प्रदान/प्राप्त गर्नमा कठिनाई।

## ८.आगामी कार्यक्रमका लागि सुझाव

- आगामी दिनमा समय व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने।
- अनुसन्धानकर्ता र अभियोजनकर्ता बिच मात्र कार्यक्रम सम्पन्न भएकोमा अदालतका कर्मचारी समेत सहभागी हुनेगरी कार्यक्रम आयोजना गर्नुपर्ने।
- नियमित अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने।
- स्रोत—साधन तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने।

व्यवस्थापन समुहः

| | |
|---|---|
| संयोजकः | खडिन्द्रराज कटुवाल(जिल्ला न्यायाधिवक्ता) |
| सह-संयोजक | दिपक अधिकारी(सहायक जिल्ला न्यायाधिवक्ता) |
| प्रतिवेदक | होमनाथ कट्टेल(ना.सु) र संगीता लिम्बु(कम्युटर अपरेटर) |

जिल्ला सरकारी वकील कार्यालय

झापा

कार्यक्रमको नामः-  सरकारी वकील र प्रहरी बिचको अन्तरक्रिया कार्यक्रम, २०८२

<u>कार्यक्रम तालिका</u>

मितिः २०८२।०८।१९

स्थानः श्री जिल्ला सरकारी वकील कार्यालयको सभाहल, झापा ।

| समय | विषय | |
|---|---|---|
| ०१:००-०१:१५ | कार्यक्रम सञ्चालन<br>प्रारम्भ परिचय र भूमिका | श्री दिपक अधिकारी<br>(स.जिल्ला न्यायाधिवक्ता) |
| ०१:१५-०१:३० | स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्यबारे प्रकाश | श्री होमनाथ कट्टेल(ना.सु) |
| ०१:३०-०१:४५ | कार्यक्रमको बिषयबस्तुहरु | श्री खडिन्द्रराज कटुवाल<br>(जिल्ला न्यायाधिवक्ता) |
| ०१:४५-२:१५ | अनुसन्धानकर्ताहरुको मन्तव्य तथा समस्याहरु प्रस्तुत | सबै अनुसन्धानकर्ताहरु |
| २:१५- २:४० | बिशेष अन्तरक्रिया /प्रश्नोत्तर | सम्पुर्ण समभागीहरु |
| २:४०-२:५५ | सम्बोधन | श्री खडिन्द्रराज कटुवाल<br>(जिल्ला न्यायाधिवक्ता)<br>श्री दिपक अधिकारी<br>(स.जिल्ला न्यायाधिवक्ता) |
| २:५५-०३:०० | धन्यवाद/समापन मन्तव्य | श्री खडिन्द्रराज कटुवाल<br>(जिल्ला न्यायाधिवक्ता) |
| चियापान | | |

## कार्यक्रमका केही प्रतिनिधि तस्विरहरु(अनुसुची-१)





